संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

प्रेस विज्ञप्ति - २०६४ चैत २७

## उच्चायुक्तको कार्यालय-नेपालद्वारा दाङ, सुर्खेतमा भएका हत्याको अनुसन्धान सुरु; शान्त रहन आग्रह

उच्चायुक्तको कार्यालय-नेपाल चैत २६ र २७ गते सुर्खेत र दाङ जिल्लामा भएको कम्तीमा १० जनाको हिंसात्मक मृत्युको घटनाको निन्दा गर्दछ र सम्बन्धित सबै पक्षलाई यस महत्त्वपूर्ण क्षणमा संयमित हुन तथा उत्तेजना नफैलाउन र संविधानसभाको निर्वाचनलाई शान्तिपूर्ण तथा स्वच्छ बनाउनेतर्फ केन्द्रित हुन आग्रह गर्दछ।

उच्चायुक्तको कार्यालयले यी घटनाहरूबारे अनुसन्धान सुरु गरेको छ र अन्मिन तथा राष्ट्रिय मानवअधिकार आयोगसँगको समन्वयमा स्थितिको अनुगमन गर्न दुवै स्थानमा टोलीहरू पठाएको छ।

"चैत २६ गते दाङमा कम्तीमा सातजना नेकपा (माओवादी)का कार्यकर्ताको तथा चैत २७ गते सुर्खेतमा एक व्यक्तिको ज्यान जाने गरी प्रहरीद्वारा गोली प्रहार गरिएको घटनाबारे स्वतन्त्र जाँचबुझ गर्न म सरकारलाई आग्रह गर्दछु," उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो। "चैत २६ गते सुर्खेतमा भएको नेकपा (एमाले)का उम्मेदवारको हत्याबारे पनि प्रहरीद्वारा शीघ्र तथा पूर्ण अनुसन्धान गर्न पनि मेरो कार्यालय आह्वान गर्दछ। यी अनुसन्धानका परिणाम सार्वजनिक गरिनुपर्छ।"

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org